आज मिति २०७५/३/०८ गते बिहान ९:०० बजे राक्सिराङ्ग गाउंपालिकाका अध्यक्ष श्री राजकुमार मल्लज्यूको अध्यक्षतामा गाउ कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय निम्नानुसार गरियो ।

**उपस्थिति**

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्णं प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले मैना

सदस्य : श्री गौरीमायां स्याङ्गतान गौरी

सदस्य : श्री कर्ण कुमारी राउत कर्ण

सदस्य : श्री सुकमायां वि.क. सुक

सदस्य सचिव : श्री सुकदेव लम्साल

लेखापाल : श्री अर्जुन दाहाल

प्रस्तावहरु

१ पहिलो तथा दोस्रो गाउँसभाको नीति तथा कार्यक्रमको समीक्षा एवं तेस्रो गाउँ सभामा पेश गर्ने नीति तथा कार्यक्रम र बजेट सम्वन्धमा ।

२ आर्थिक विधेयक २०७५

३ बिनियोजन विधेयक २०७५

४ पूर्वाधार विकास समितिको रिक्त संयोजक छनौट सम्वन्धमा ।

५ विविध

**निर्णय नं १**

यस गाउँपालिकाको प्रथम र दोस्रो गाउँसभाले पेश गरेको नीति तथा कार्यक्रम निम्नानुसार समीक्षा गरियो । र आगामी २०७५।०३।१० गते हुने तेस्रो गाउँसभामा पेश भए अनुसारको नीति तथा कार्यक्रम र बजेट पेश गर्ने निर्णय गरियो

**निर्णय नं २**

यस गाउँपालिकाको तेस्रो गाउँसभामा पेश भए अनुसारको आर्थिक विधेयक २०७५ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस गाउँपालिकाको तेस्रो गाउँसभामा पेश भए अनुसारको विनियोजन विधेयक २०७५ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस गाउँपालिकाको पुर्वाधार विकास समितिको संयोजक श्री सन्त बहादुर प्रजा प्रदेश सभाको सांसदपदमा उम्मेदवारी दिनु अघि यस गाउँपालिकाको कार्यपालिका सदस्यबाट राजिनामा दिनु भएको र उक्त राजिनामा सोही समयमा स्वीकृति समेत भएकाले यस गाउँपालिकाको कार्यपालिका सदस्य एवं पूर्वाधार विकास समितिको संयोजक समेत रहेकोले सो पद समेत रिक्त रहन गएकोले गाउँसभाको पूर्व सन्ध्यामा उक्त पद पूर्ति गर्नुपर्ने भएकाले यस गाउँ कार्यपालिका सदस्य श्री रामकृष्ण प्रजालाई पूर्वाधार विकास समितिको संयोजक तोक्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस गाउँपालिका र राजमार्गसम्म हालसम्म सडक सञ्जालले जोडिन नसकेको र हरेक बर्षको बर्षासगै यस गाउँपालिकाबाट राजमार्गसम्म आवतजावत गर्न बाटो बन्द हुने गरेको कारण गाउँ कार्यपालिका सदस्यहरु एवं कर्मचारीहरु समेत घर आउन जान नसक्ने अवस्था सिर्जना हुने भएकाले गाउँपालिकासँगै रहेको ६ कोठे भवनलाई आवासको रुपमा विकास गर्न लागिएको र सो आवासगृहमा फर्निसिङ्ग सम्वन्धी कार्य गर्नुपर्ने भएकाले एवं सो शिर्षकमा बजेट समेत नरहेकोले गाउँपालिकाको कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरी रु १२५०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।